नि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक १० २०८३ साल साउन १२ गते मंगलबार (28 July 2026 Tuesday) मूल्य रु. ५/-

**बाढी/पहिरोबाट सतर्क रहौं ।**

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : नेपाललाई आँखा उपचारमार्फत... ३ पृष्ठमा : नागढुङ्गा सुरुङमार्गले ... ३ पृष्ठमा :'कक्रोच' आन्दोलनमा ...

## सुनसरी घटनाको बिरोधमा राजविराजमा प्रदर्शन

# राष्ट्रिय मानव अधिकार आयोगद्वारा घटना बारे सूक्ष्म अनुसन्धान सुरु



**दैनिक समाचारदाता**
**राजविराज, ११ साउन ।**

सुनसरीको देवानगञ्ज गाउँपालिका ३, कप्तानगञ्जमा प्रहरीको गोली लागेर एक जनाको मृत्यु भएको घटनाको विरोधमा सोमबार राजविराजमा पनि प्रदर्शन गरिएको छ ।

प्रदर्शनकारीहरूले राजबिराजस्थित नेता चोकमा केहीबेर टायर बालेर विरोध प्रदर्शन गरेका थिए । घटनाको निष्पक्ष छानबिन, दोषीमाथि कारबाही तथा पीडित परिवारलाई न्यायको माग गर्दै उनीहरूले नाराबाजीसमेत गरेका थिए ।

यसअघि उक्त टोलीले जिल्ला प्रशासन कार्यालय सप्तरीमार्फत नेपाल सरकारका नाममा प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएको छ ।

ज्ञापनपत्रमा देवानगञ्ज घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कानुनी कारबाही गर्न, पीडित परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन तथा यस्ता घटना दोहोरिन नदिन आवश्यक कदम चाल्न सरकारसँग माग गरिएको छ ।

सुनसरीको देवानगञ्ज-३, कप्तानगञ्जमा साउने सोमबारको बोलबम यात्राका लागि डिजे बजाउँदै सप्तकोशी नदीतर्फ जाने तयारीका क्रममा दुई समूहबीच विवाद भएपछि झडप भएको थियो ।

यसैबीच राष्ट्रिय मानव अधिकार आयोगले सुनसरीको देवानगन्जमा दुई समुदायबिच भएको झडप र प्रहरीको गोली लागेर एक जनाको मृत्यु भएको घटनाप्रति चासो व्यक्त गर्दै सूक्ष्म अनुसन्धान सुरु गरेको जनाएको छ ।

आयोगले सोमबार विज्ञप्ति जारी गर्दै कोशी प्रदेश कार्यालय विराटनगरबाट घटनाको प्रारम्भिक अनुगमन गरिसकिएको र मानव अधिकारको दृष्टिकोणबाट विस्तृत छानबिन अघि बढाइएको जनाएको हो ।

आयोगका अनुसार पोलमा झण्डा राख्ने विषयबाट सुरु भएको विवाद डिजे बजाउने क्रममा उग्र बन्दै दुई पक्षबीच ढुङ्गामुढा र तोडफोड भएको थियो । स्थिति नियन्त्रणमा लिन प्रहरीले चलाएको गोली लागेर स्थानीय ओमप्रकाश मेहताको मृत्यु भएको छ भने अन्य नौ जना घाइते भएका छन् ।

घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर रहेको र उनीहरूको न्यूरो अस्पताल, विराट नर्सिङ होम र नोबेल

*बाँकी अन्तिम पृष्ठमा*

# धार्मिक सहिष्णुता तथा सामाजिक सद्भाव कायम राख्न सबै पक्षसँग अपील

**दैनिक समाचारदाता**
**राजविराज, ११ साउन ।**




जिल्ला प्रशासन कार्यालय सप्तरीले धार्मिक सहिष्णुता तथा सामाजिक सद्भाव कायम राख्न सबै पक्षसँग अपील गरेको छ ।

पछिल्लो समयमा अन्य जिल्लाहरुको घटनाको सन्दर्भलाई लिएर सामाजिक सञ्जालहरू: (फेसबुक, टिकटक, इन्स्टाग्राम, युट्युव आदि) मार्फत भ्रामक अफवाह फैलाउने, एक अर्काको धर्म, आस्था, संस्कृति वा समुदायप्रति लक्षित गरी घृणा फैलाउने भाषण गर्ने र अमर्यादित टीका टिप्पणी गरी सामाजिक सद्भाव विथोल्न खोज्ने, सामाजिक सद्भावमा आँच आउन सक्ने खालका हुने गरेको गतिविधी प्रति जिल्ला प्रशासन कार्यालय सप्तरीको गम्भिर ध्यानाकर्षण भएको हो ।

प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाद्वारा सोमबार जारि सूचनामा जिल्लामा आपसी सद्भाव, शान्ति, सुरक्षा र अमनचयन तथा बहुजातीय, बहुभाषिक र बहुधार्मिक विशेषता बोकेको सुन्दर पहिचानलाई कायम

*बाँकी अन्तिम पृष्ठमा*

# सर्पदंशबाट पीडित महिलाको मृत्यु पछि अस्पताल परिसर तनावग्रस्त




**दैनिक समाचारदाता**
**राजविराज, ११ साउन ।**

सर्पदंशबाट पीडित एक महिलाको मृत्यु भएपछि मृतकका आफन्तले सोमबार बिहान राजविराजस्थित गजेन्द्रनाराण सिंह अस्पताल परिसरमा प्रदर्शन गरेका छन्।

आइसियु सेवा अभावका कारण रेफर गरिएकी राजविराज नगरपालिका वडा नं. १५ देउरी भरुवा टोलकी ४० वर्षिय कबिता यादवको मृत्यु भएको हो ।

मृत्यु पश्चात् चिकित्सकको लापरवाहीले तथा आवश्यक उपकरणको अभावमा यस्तो दुःखद घट्ना भएको भन्दै आफन्तजनले प्रदर्शन गरेका छन् ।

घटना विवरण अनुसार आईतबार साँझ ७ बजेतिर बिषालु कबितालाई सर्पले डसेको थियो । राति ८ बजेतिर उपचारका लागि उक्त अस्पताल पुर्याइएको थियो । चिकित्सकका अनुसार केहीबेर उपचार गर्दा निको नभएको अस्पतालमा आइसियु सेवा उपलब्ध नभएका कारण राती साढे ८ बजेतिर उनलाई रेफर गरिएको थियो । परिवारजनका अनुसार बाटोमा कबितालाई सास फेर्न धेरै अप्ठेरो भइरहेको थियो ।

प्रारम्भिक उपचार गरिएको गजेन्द्रनारायण सिंह अस्पतालका चिकित्सकको ढिलाई र

*बाँकी अन्तिम पृष्ठमा*

# स्व. सिंहको सम्झनामा स्मृतीसभा




**दैनिक समाचारदाता**
**राजविराज, ११ साउन ।**

समाजसेवी एवं शान्तिकामी स्व. डा. नागेश्वर प्रसाद सिंहको १६औं स्मृति सभा सोमबार आयोजना गरिएको छ ।

नेपाल विश्व शान्ति समिति केन्द्रिय कार्यालय काठमाडौंद्वारा आयोजित कार्यक्रममा स्व. सिंहको योगदान बारे चर्चा गर्दै स्मृती सभा आयोजना गरिएको हो ।

सो अवसरमा स्व. सिंहको तस्बिरमा माल्यार्पण गर्दै सहभागि वक्ताहरुले जुझारु, निष्ठावान र बहुमुखी प्रतिभाका धनी स्व. सिंहलाई सम्झिदै उनको निधनले जिल्लालाई मात्र नभई मुलुकलाई नै अपूर्णिय क्षति पुगेको बताए ।

नेपाल रेडक्रस सोसाइटी शाखा सप्तरीका सभापति जोगेन्द्र भगतको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथि नापी विभागका पूर्वमहानिर्देशक रामनरेश सिंहका साथै शिक्षाविद् डा. चिरन्जिविलाल देव, इतिहासविद् एवं प्राध्यापक कमलनारायण दास, नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली, वरिष्ठ पत्रकार अनिलकुमार अनल, स्व. सिंहका सुपुत्र एवं पूर्वमेयर गोबिन्द सिंह, पूर्व मेयर शैलेश चौधरी, समाजसेवी हितनारायण लाल दास, ई. इन्द्रनारायण देव, मधेश प्रदेश कृषि विश्वविद्यालयका रजिष्टार भगवान ठाकुर, उद्योग बाणिज्य महासंघका केन्द्रिय सदस्य अरुण प्रधान, अधिवक्ता सन्तोष चौधरी, लायन्स क्लबका पूर्वगर्भनर शंकर सारदा, प्रिन्सिपल डा. कमानन्द देव लगायतले श्रद्धाञ्जली अर्पण गर्दै स्व. सिंहको

*बाँकी अन्तिम पृष्ठमा*

**लागुऔषध दुर्व्यसन नियन्त्रण गरौं**

- लागुऔषधबाट हुने स्वास्थ्य, सामाजिक र पारिवारिक असरबारे सचेत बनौं,
- युवा तथा बालबालिकालाई सिर्जनात्मक कार्यमा सहभागी गराऔं,
- साथीको दबाब वा गलत संगतबाट जोगिन प्रेरित गरौं,
- लागुऔषध कारोबार र दुर्व्यसनविरुद्ध सचेतना बढाऔं,
- समस्यामा परेकालाई घृणा होइन, सहयोग र पुनर्स्थापनाको अवसर दिऔं,
- परिवार, विद्यालय र समुदायबीच सहकार्य बढाऔं,
- लागुऔषध प्रयोग नगरौं/नगराऔं।

लागुऔषध मुक्त, सुरक्षित र जिम्मेवार समाज निर्माणमा योगदान गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### एकमत हुनु आवश्यक

स्थानीय तहका प्रमुख/अध्यक्ष र उपप्रमुख/उपाध्यक्षबीच अधिकार प्रत्याजोनका लागि जहिले पनि समस्या उत्पन्न हुने गरेको छ। त्यस्तै जनप्रतिनिधि र कर्मचारीहरुबीच पनि कहिले काही आन्तरिक द्वन्द चर्किने गरिएको सुन्न पाइन्छ। चाहे त्यो बजेट बिनियोजनको सवालमा होस् वा विकासीय योजनाहरु बाँडफाँडको विषयमा कीन नहोस्। जसले गर्दा जनताको चाहना अनुरुप समययमा विभिन्न कार्यहरु सम्पन्न हुने कार्यमा बाधा अवरोध हुने गरेको छ। जसले गर्दा मुलुकका अधिकांश स्थानीय तह अहिले राजनीतिको अखाडा बन्दै गएको छ।

यस विषयमा सप्तरी पनि पछाडी परेको देखिदैन्। यस जिल्लाका स्थानीय तहहरुमा पनि यस्ता समस्याहरु आउने गरेको छ। विगतमा पनि यही समस्याका कारण विभिन्न पालिकाहरुको विकासीय कार्यदेखी लिएर अन्य कार्य संचालनमा समेत ढिलाई भएको देखिन्छ। कतै प्रमुख र प्रशासकीय अधिकृतबीच त कतै प्रमुख र उपप्रमुखबीच त कतै जनप्रतिनिधि र कर्मचारीबीचको किचलोले जनताको आधारभुत सेवादेखी विकासीय कार्य समेत प्रभावित भएको देखिएको छ। यसरी मुलुकको विभिन्न पालिकाहरुमा अहिले पनि हैकमवादी प्रवृती हावी भएको देखिन्छ। त्यसमा पनि मधेशका स्थानीय तह सबै भन्दा अगाडी छ।

संघीय राज्यको परिकल्पना साकार गर्न स्थानीय तहहरुले आफ्नो जिम्मेवारी बोध गर्नु आवश्यक छ। तसर्थ यसका लागि जनतासँग सरोकार राख्ने सबै विषयमा जनप्रतिनिधि तथा कर्मचारीबीच सुमधुर सम्बन्ध हुनुका साथै जनताको सबैखालको सेवा तथा विकासीय कार्य गर्न उनीहरु एकमत हुनु आवश्यक छ।


**बाढी/पहिरोबाट सतर्क रहौं।**

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**जनहीतका लागि : राजविराज दैनिक**


# नेपाललाई आँखा उपचारमार्फत ‘स्वास्थ्य कूटनीति’ प्रर्वद्धन गर्ने अवसर

**डा.शैलेशकुमार मिश्र**

काठमाडौं, ११ साउन (रासस)।

कूटनीति अब उच्च स्तरीय राजनीतिक संवाद, द्विपक्षीय भ्रमण र दुई देशबीच हुने औपचारिक सन्धि /सम्झौतामा मात्र सीमित छैन। स्वास्थ्य सेवामार्फत नागरिकको जीवनमा प्रत्यक्ष परिवर्तन ल्याउँदै देशहरूबीच विश्वास, सद्भाव र सहकार्य विस्तार गर्ने ‘स्वास्थ्य कूटनीति’को अवधारणा विश्वव्यापी रूपमा प्रभावकारी बन्दै गएको छ। नेपालका सन्दर्भमा आँखा स्वास्थ्य सेवा यसको बलियो माध्यम बन्न सक्ने सम्भावना देखिएको छ।

पछिल्ला केही दशकमा नेपालले आँखा उपचारका क्षेत्रमा हासिल गरेको विशेषज्ञता, दक्ष जनशक्ति, आधुनिक उपचार प्रविधि, गुणस्तरीय सेवा र तुलनात्मक रूपमा सहज उपचार खर्चले अन्तरराष्ट्रियस्तरमा विश्वास आर्जन गरेको छ।

यही विश्वासका कारण भारत, बङ्गलादेशलगायत विभिन्न मुलुकबाट बर्सेनि ठूलो सङ्ख्यामा बिरामी आँखाको परीक्षण, उपचार तथा शल्यक्रियाका लागि नेपाल आउने गरेका छन्। सीमापारबाट उपचारका लागि हुने यस्तो आवागमनले नेपाललाई गुणस्तरीय आँखा उपचारको गन्तव्यका रूपमा स्थापित गर्न मात्र होइन, स्वास्थ्य पर्यटनमार्फत विदेशी मुद्रा आर्जन र अन्तरराष्ट्रिय सम्बन्धलाई जनस्तरसम्म सुदृढ गर्ने अवसर सिर्जना गरेको छ।

यस अर्थमा नेपालको आँखा स्वास्थ्य सेवा केवल उपचारमा सीमित विषय होइन। उपचारपछि दृष्टि फर्काएर स्वदेश फर्किने विदेशी नागरिकले नेपालबाट स्वास्थ्य सेवासँगै विश्वास, सद्भाव र सकारात्मक अनुभव पनि लिएर जान्छन्। यही मानवीय सम्बन्धले आँखा स्वास्थ्यलाई नेपालको ‘सफ्टपावर’का रूपमा विकास गर्दै स्वास्थ्य कूटनीति र ‘स्वास्थ्य पर्यटन’लाई सँगसँगै अघि बढाउने बलियो आधार तयार गर्न सक्छ।

**कम्बोडियामा दृष्टिसँगै मित्रताको नयाँ अध्याय**

हालै कम्बोडियाको कम्पोङ चामप्रान्तमा आयोजित निःशुल्क आँखा उपचार शिविर स्वास्थ्य कूटनीतिको एउटा उदाहरण बनेको छ। नेपाल नेत्रज्योति सङ्घ, लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान, थाइल्यान्डस्थित नेपाली राजदूतावास (कम्बोडिया हेर्ने) र स्थानीय निकायको सहकार्यमा आयोजित शिविरबाट एक हजारभन्दा बढी कम्बोडियाली नागरिक लाभान्वित भए।

शिविरले आँखा उपचार मात्र गरेन, नेपालको आँखा स्वास्थ्य विशेषज्ञतालाई कम्बोडियाको उच्च सरकारी तहसम्म परिचित गरायो। कम्बोडियाको विदेश तथा अन्तरराष्ट्रिय सहयोग मन्त्रालयकी स्थायी सचिव तथा प्रधानमन्त्रीकी निजी सल्लाहकार इट सोफियाले नेपालको आँखा उपचार सेवा तथा शिक्षाको उच्च प्रशंसा गरेकी छन्।

थाइल्यान्डका लागि नेपाली राजदूत तथा कम्बोडियाका लागि गैरआवासीय राजदूत धनबहादुर ओलीसँगको भेटमा उनले कम्पोङ चाममा असार २० र २१ गते आयोजित निःशुल्क आँखा उपचार शिविरबाट कम्बोडियाली नागरिक लाभान्वित भएको उल्लेख गर्दै नेपालप्रति प्रशंसा व्यक्त गरेकी थिइन्।

यो प्रशंसा एउटा स्वास्थ्य शिविरको सफलतामा मात्र सीमित छैन। नेपाली विशेषज्ञले प्रदान गरेको सेवा जब विदेशी नागरिकको जीवनमा प्रत्यक्ष प्रभाव पार्छ र त्यसले सम्बन्धित देशको उच्च सरकारी तहबाट समेत मान्यता पाउँछ, स्वास्थ्य सेवा कूटनीतिक सम्बन्ध निर्माणको प्रभावकारी माध्यम बन्न पय▪ुग्छ।

एउटा नेपाली चिकित्सकले विदेशी भूमिमा कसैको दृष्टि फर्काउँदा एउटा आँखाको मात्र उपचार हुँदैन, नेपालप्रति विश्वास र सद्भावको नयाँ दृष्टि पनि निर्माण हुन्छ।

**बङ्गलादेश र ओमानमा पनि स्वास्थ्यमार्फत सम्बन्ध**

नेपाल नेत्रज्योति सङ्घले बङ्गलादेशमा सञ्चालन गरेका आँखा स्वास्थ्यसम्बन्धी कार्यक्रमले पनि दुई देशबीचको जनस्तरीय सम्बन्धलाई थप बलियो बनाउन सहयोग पुर्‍याएका छन्।

सङ्घले बङ्गलादेशमा आँखा शिविर तथा विशिष्टीकृत उपचार सेवामार्फत दुई देशबीचको स्वास्थ्य सहकार्यलाई निरन्तर विस्तार गर्दै आएको छ। सङ्घले यसअघि बङ्गलादेशको लालमनिहाटमा सर्वसाधारणलाई लक्षित गरी आँखा स्वास्थ्य शिविर सञ्चालन गर्दै नेपाली विशेषज्ञमार्फत आँखा परीक्षण, उपचार तथा आवश्यक सेवा प्रदान गरिसकेको छ।

त्यस्तै, बङ्गलादेशको विद्यार्थी आन्दोलनका क्रममा आँखामा गम्भीर चोट लागेका बिरामीको उपचारका लागि ढाकास्थित नेसनल इन्स्टिच्यूट अफ अप्थाल्मोलोजीको विशेष निमन्त्रणामा सङ्घअन्तर्गतको लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थानतथा रिसर्च सेन्टर, श्री रण अम्बिका शाह आँखा अस्पताल भैरहवाका कर्निया सर्जन एसोसिएट प्रोफेसर डा सुशीला पटेल र भिट्रो-रेटिना सर्जन डा सविता ढकाल बङ्गलादेश पुगेका थिए। उनीहरूले आँखाको नानी तथा पर्दा च्यातिएका, गहिरो चोट तथा रक्तस्राव भएकालगायत जटिल समस्या भएका बिरामीको उपचार तथा शल्यक्रिया गरेका थिए।

सर्वसाधारणका लागि आँखा शिविरदेखि सङ्कटका बेला विशिष्टीकृत उपचारका लागि नेपाली विशेषज्ञ परिचालनसम्मको यो सहकार्यले नेपालको आँखा उपचार सेवाप्रतिको अन्तरराष्ट्रिय विश्वासलाई मात्र देखाउने नभई मानवीय सेवा र विशेषज्ञतामार्फत जनस्तर तथा संस्थागत सम्बन्धलाई बलियो बनाउने स्वास्थ्य कूटनीतिको प्रभावकारी उदाहरणसमेत प्रस्तुत गरेको छ।

त्यस्तै, ओमानमा नेपाली दूतावास र स्थानीय साझेदारसँगको सहकार्यमा आयोजित स्वास्थ्य शिविरमार्फत प्रवासी नेपालीलाई आँखा परीक्षण, चस्मा वितरण, मधुमेह तथा रक्तचाप परीक्षण र स्वास्थ्य परामर्श उपलब्ध गराइएको थियो। बङ्गलादेशमा सर्वसाधारणदेखि जटिल उपचार आवश्यक परेका बिरामीसम्म र ओमानमा प्रवासी नेपालीसम्म पुगेको यस्तो सेवाले नेपालको आँखा स्वास्थ्य विशेषज्ञता सीमापार मानवीय सहयोग, विश्वास र दीर्घकालीन सम्बन्ध निर्माण गर्ने प्रभावकारी माध्यम बन्न सक्ने देखाएको छ।

यस्ता कार्यक्रममार्फत नेपाली विशेषज्ञको अनुभव आदानप्रदान, स्थानीय नागरिकलाई आँखा उपचार सेवा र स्वास्थ्य संस्थाहरूबीच सहकार्यको अवसर सिर्जना भएको छ। कूटनीतिक सम्बन्ध सरकारी बैठक र सम्झौताबाट मात्र होइन, नागरिकको जीवनमा प्रत्यक्ष सकारात्मक प्रभाव पार्ने कार्यक्रमबाट अझ गहिरो बन्न सक्छ।

नेपाल नेत्रज्योति सङ्घको अन्तरराष्ट्रिय आँखा स्वास्थ्य सेवा बङ्गलादेश, कम्बोडिया र ओमानमा मात्र सीमित छैन। सङ्घले केही अफ्रिकी मुलुकमा शल्यक्रियासहितका आँखा उपचार कार्यक्रम सञ्चालन गर्नुका साथै म्यान्मा र टिमोर-लेस्ते (पूर्वी टिमोर) लगायतका देशमा आँखा स्वास्थ्य विशेषज्ञ तथा स्वास्थ्यकर्मी परिचालन गरी सेवा प्रदान गरेको छ। यस्ता अन्तरराष्ट्रिय पहलले नेपालको आँखा स्वास्थ्यसम्बन्धी विशेषज्ञता र अनुभवलाई विश्व समुदायसम्म विस्तार गर्दै स्वास्थ्य सेवामार्फत आपसी विश्वास, सहकार्य र स्वास्थ्य कूटनीति प्रवर्द्धन गर्नक▪ योगदान पुर्‍याएका छन्।

**नेपालको ‘सफ्ट पावर’ बन्न सक्छ आँखा स्वास्थ्य**

नेपालसँग ठूला राष्ट्रजस्तो विशाल आर्थिक वा सामरिक शक्ति नहुन सक्छ तर कुनै देशको अन्तरराष्ट्रिय प्रभाव आर्थिक वा सैन्य शक्तिले निर्धारण हुँदैन। विशिष्ट ज्ञान, दक्षता, मानवीय सेवा र विश्वसनीयता पनि प्रभावकारी ‘सफ्ट पावर’ बन्न सक्छन्।

आँखा स्वास्थ्य नेपालका लागि त्यस्तै क्षेत्र हो। समुदायमा आधारित आँखा स्वास्थ्य सेवा, मोतियाविन्दु उपचार, दुर्गम क्षेत्रमा सेवाको पहुँच विस्तार र रोकथाम गर्न सकिने अन्धोपन न्यूनीकरणमा नेपालले हासिल गरेको अनुभव अन्य विकासशील मुलुकका लागि उपयोगी हुन सक्छ।

यसलाई योजनाबद्ध रूपमा विदेश नीतिसँग जोड्न सके नेपाल स्वास्थ्य सहायता प्राप्त गर्ने देश मात्र नभई स्वास्थ्य ज्ञान, विशेषज्ञता र सेवा प्रदान गर्ने साझेदार राष्ट्रका रूपमा स्थापित हुन सक्छ। कम्बोडियाको उच्च सरकारी तहबाट नेपालको आँखा उपचार सेवा र शिक्षाको प्रशंसा हुनुले यही सम्भावनालाई थप बलियो बनाएको छ।

**शिविरबाट दीर्घकालीन साझेदारीतर्फ**

अब अन्तरराष्ट्रिय आँखा शिविरलाई एकपटकको सेवामा मात्र सीमित नराखी दीर्घकालीन स्वास्थ्य साझेदारीसँग जोड्न आवश्यक छ। परराष्ट्र मन्त्रालय, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, विदेशस्थित नेपाली दूतावास र नेपाल नेत्रज्योति सङ्घबीच समन्वय गरी दक्षिण एसिया, दक्षिणपूर्वी एसिया, खाडी तथा आवश्यकताका आधारमा अन्य मुलुकमा स्वास्थ्य कूटनीतिका कार्यक्रम विस्तार गर्न सकिन्छ।

आँखा शिविरलाई प्रवेशविन्दु बनाएर विदेशी स्वास्थ्यकर्मीलाई तालिम, अस्पताल-अस्पताल सहकार्य, टेलिअफ्थाल्मोलोजी, संयुक्त अनुसन्धान र प्राविधिक ज्ञान आदान-प्रदानमा विस्तार गर्न सकिन्छ। नेपालमा विदेशी चिकित्सक तथा स्वास्थ्यकर्मीका लागि तालिम र अध्ययन कार्यक्रम सञ्चालन गरेर नेपाललाई क्षेत्रीय आँखा स्वास्थ्य ज्ञान तथा तालिम केन्द्रका रूपमा विकास गर्न सकिन्छ।

यसमा विदेशस्थित नेपाली दूतावासहरूले महत्वपूर्ण सेतुको भूमिका खेल्न सक्छन्। स्थानीय सरकार र स्वास्थ्य संस्थाको आवश्यकता पहिचान गरी नेपालका विशेषज्ञ संस्थासँग जोड्न सके एउटा स्वास्थ्य शिविर दीर्घकालीन द्विपक्षीय सम्बन्धको आधार बन्न सक्छ।

**‘हिमालको देश’सँगै ‘दृष्टि दिने देश’**

विश्वमा नेपालको पहिचान सगरमाथा, बुद्ध, संस्कृति र पर्यटनसँग जोडिएको छ। अब त्यसमा अर्को परिचय थप्ने अवसर छ, गुणस्तरीय आँखा स्वास्थ्य सेवाको अनुभव विश्वसँग बाँड्ने देश।

कम्बोडियामा नेपाली सेवाप्रति व्यक्त भएको उच्चस्तरीय प्रशंसा, बङ्गलादेशमा स्वास्थ्य सेवामार्फत विस्तार भएको जनस्तरीय सम्बन्ध र ओमानमा प्रवासी नेपालीसम्म पुगेको स्वास्थ्य सहयोगलाई एउटै रणनीतिक दृष्टिकोणबाट हेर्दा नेपालको स्वास्थ्य कूटनीतिको ठूलो सम्भावना देखिन्छ।

नेपाल नेत्रज्योति सङ्घसँग रहेको चार दशकभन्दा लामो अनुभव, दक्ष जनशक्ति र व्यापक सेवा सञ्जाललाई नेपालको विदेश नीति र अन्तरराष्ट्रिय सहकार्यसँग योजनाबद्ध रूपमा जोड्न सके आँखा स्वास्थ्य नेपालको प्रभावकारी ‘सफ्ट पावर’ बन्न सक्छ। दृष्टि फर्काउने एउटा उपचारले एक व्यक्तिको संसार उज्यालो बनाउँछ। तर त्यही सेवा सीमापार पुगेर विश्वास, सद्भाव र मित्रता निर्माण गर्छ भने त्यो केवलउपचार रहँदैन, कूटनीतिक सम्बन्ध जोड्ने माध्यम बन्छ। (लेखक डा.मिश्र नेपाल नेत्रज्योति सङ्घका कार्यकारी निर्देशक एवं इन्टरनेसनल एजेन्सी फर द प्रिभेन्सन अफ ब्लाइन्डनेस( आइएपिबी) को नेपालअध्यक्ष समेत हुनुहुन्छ।)

# नागढुङ्गा सुरुङमार्गले समृद्धिको आशा जगाउँदै

हिमाल लम्साल
काठमाडौँ, ११ साउन (रासस)।

नेपाली जनताको वर्षौंदेखिको सुरुङमार्गमा सवारीसाधन गुडाउने सपनाले मूर्तरुप पाएको छ। सन् २०१९ को १४ नोभेम्बरदेखि निर्माण थालिएको नागढुङ्गा सुरुङमार्गमा सोमबारदेखि औपचारिक रूपमा सवारीसाधन गुडाइदैछन्।

सडक विभागका प्रवक्ता शुभराज न्यौपानेले साउन ११ गते सुरुङमार्ग उद्घाटन गरेर सञ्चालनमा ल्याउन लागेको जानकारी दिनुभयो। "नागढुङ्गा सुरुङमार्ग सोमबारदेखि सञ्चालनमा ल्याउने गरी आवश्यक तयारी अघि बढाएका छौं। पूर्वाधार विकास मन्त्रालय, जाइकाका प्रतिनिधिलगायतको उपस्थितिमा सञ्चालनमा ल्याउनेछौं," उहाँले भन्नुभयो, "सुरुङमार्ग तयार हुने काम त धेरै अघि भइसकेको थियो। सुरुङमार्गको पश्चिमतर्फ पहिरोको समस्या देखिएकाले केही समय लागेको हो। सुरुङभित्रको आवश्यक सुरक्षालगायतका व्यवस्थापनमा पनि केही समय लागेजस्तो देखिएको हो।"

नागढुङ्गा सुरुङमार्ग निर्माण आयोजनाका आयोजना निर्देशक सौजन्य नेपालले ढिलै भए पनि नागढुङ्गा सुरुङमार्ग सञ्चालनमा आएसँगै नेपाल पनि सुरुङमार्गको युगमा प्रवेश गरेको दाबी गर्नुभयो। "सुरुङमार्गको उद्घाटन भएसँगै पहिलो चरणमा आकस्मिक खालका सवारीसाधन एम्बुलेन्स, सुरक्षा निकाय र दमकललगायतका सवारीसाधन सञ्चालन गर्नेछौं," उहाँले भन्नुभयो, "अन्य सवारीसाधनको हकमा भने सुरुङमार्गको क्षमता र अवस्था हेरेर थप निर्णय गरिनेछ। एकैपटक सुरुङमार्गका सबै खालका सवारीसाधन गुडाउन सकिँदैन। आवश्यक सुरक्षा प्रबन्ध मिलाउँदै क्रमशः सुरुङमार्गमा थप सवारीसाधन चलाउँदै अघि बढाउनेछौं।"

सुरुङमार्ग सञ्चालनमा आउन लागेसँगै सवारीचालक तथा यातायात व्यवसायी पनि उत्साहित रहेका छन्। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष पुण्यप्रसाद सिटौलाले नागढुङ्गा सुरुङमार्ग सञ्चालनमा आएसँगै नागढुङ्गा सवारीसाधनको इन्धन र समय दुवै बचत हुने बताउनुभयो। "नागढुङ्गा-नौबिसे सुरुङमार्गमा घण्टौं सवारीसाधनको चाप हुँदा इन्धन र समयको ठूलो बर्बादी भइरहेको थियो", उहाँले भन्नुभयो, "सरकारले सुरुङमार्ग तयार पारेर उदाहरणीय कार्य गरेको छ। देशमा आवश्यक पर्ने सबै ठाउँमा सुरुङमार्ग बनाएर मुलुकलाई समृद्धिको बाटोमा अघि बढाउनुपर्ने बेला भइसकेको छ।" अध्यक्ष सिटौलाले सुरुङमार्ग उपयोग गरेर आउजाउ गर्ने सवारीसाधनसँग उठाइने शुल्कको विषयमा सरकारले यातायात व्यवसायीसँग राम्रोसँग परामर्श नगरेको बताउनुभयो।

**यसरी बन्यो सुरुङमार्ग**

सन् २०१३ मा सडक विभागले नागढुङ्गा सुरुङमार्गको विषयमा अध्ययन थालेको थियो। सन् २०१५ मा जापानी सहायता निकाय (जाइका)को सहयोगमा नागढुङ्गा सुरुङमार्गको वातावरणीय र सामाजिक सर्वेक्षणसहित परियोजना तयारी सर्वेक्षण सम्पन्न गरेर प्रतिवेदन पेस गरेको थियो। सुरुङमार्गको निर्माणको काम भने जापानी कम्पनी हाजमा एन्डो कर्पोरेसन जापानले गरेको हो।

सन् २०१९ नोभेम्बर १४ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको पालामा सुरुङमार्ग निर्माणको थालनीको शुभारम्भ गरिएको थियो। सुरुङमार्ग निर्माण सुरु भएको ५३ महिना अर्थात २०८१ वैशाख ३ गते नागढुङ्गा सुरुङमार्गको 'ब्रेक थ्रु' अर्थात सुरुङ छेड्ने काम भएको थियो। निर्माण कम्पनीको ढिलासुस्ती, स्थानीयवासीको अवरोध, पहिरोलगायतका कारणले पनि आयोजना तोकिएको समयभित्रै सञ्चालनमा आउन सकेन। सुरुआती ठेक्का सम्झौताअनुसार यो आयोजना २६ अप्रिल २०२३ भित्रै सम्पन्न हुनुपर्ने थियो।

सुरुङमार्ग काठमाडौँको नागढुङ्गादेखि सिस्नेखोलासम्म दुई हजार ६८८ मिटरको रहेको छ। सुरुङमार्गसँगै दुई हजार ५५७ मिटर लामो आकस्मिक उद्धारको लागि 'रेस्क्यू टनेल' निर्माण पनि गरिएको छ। सुरुङमार्गबाहेक 'फ्लाइओभर', पुल, 'बक्स कल्भर्ट', 'अन्डरपास' र 'ओभरपास'लगायतका एक दर्जन थप संरचनासमेत बनेका छन्। सुरुङमार्गलाई जोड्नको लागि पूर्वतर्फको एप्रोचमार्ग दुई दशमलव तीन किलोमिटर र पश्चिततर्फको एप्रोचको लम्बाई शून्य दशमलव ५६५ किलोमिटर रहेको छ।

आयोजनाको प्रारम्भिक लागत भने रु २२ अर्ब ८२ करोड रहेको थियो तर अनुमानित लागतभन्दा एक अर्बभन्दा धेरै लागत बढेको छ। यसमध्ये दातृसंस्था जाइकाबाट सहुलियत ऋण रु १७ अर्ब १५ करोड र नेपाल सरकारको तर्फबाट रु पाँच अर्ब ६७ करोड लागत रहेको छ। आयोजनाका निर्देशक नेपालले भने निर्माण र मुआब्जा वितरणतर्फ गरेर करिब रु २४ अर्ब खर्च लाग्ने अनुमान गरेको बताउनुभयो।

**इन्धन, दूरी र समयको बचत हुँदै**

नागढुङ्गा सुरुङमार्ग सञ्चालनमा आएसँगै नागढुङ्गा सिस्नेखोला वरपर हुने घण्टौंको ट्राफिक जामको पनि अन्त्य हुनेछ। त्यति मात्रै होइन, सवारी चापमा लाग्ने समय र इन्धन र समयमा पनि बचत गराउनेछ। आयोजना निर्देशक नेपालले सुरुङमार्ग सञ्चालन भएसँगै ठूलासवारीसाधनको लाग्ने समयमा ३५ मिनेट र साना सवारीसाधनको लागि २० मिनेट छिटो हुने बताउनुभयो। "सुरुङमार्ग सञ्चालनमा आएपछि मोटामोटी तीन किलोमिटर दुरी घट्ने हो," उहाँले भन्नुभयो, "उकालो, घुमाउरो बाटो छल्ने भएकाले पनि ठूला सवारीसाधनको लागि कम्तिमा पनि ३५ मिनेट बचत हुनेछ।"

आयोजनाका अनुसार काठमाडौँ प्रवेश तथा बाहिरिने नागढुङ्गा-नौबिसे नाका हुँदै दैनिक औसतमा दुईपाङ्ग्रेबाहेक करिब आठ हजारभन्दा धेरै साना तथा ठूला सवारीसाधन गुड्ने गर्छन्। आयोजनाका निर्देशक नेपालले नागढुङ्गा-नौबिसे सडकखण्डबाट भित्रिने र बाहिरिने सवारीसाधनमध्ये करिब ६० प्रतिशत सवारीसाधनले सुरुङमार्गको उपयोग गर्ने अनुमान गरिएको जानकारी दिनुभयो। आयोजनाका अनुसार यो सुरुङमार्ग हुँदै दुईपाङ्ग्रे सवारीसाधन भने चलाउन पाइने छैन।

**यस्तो छ शुल्क**

नेपाल सरकारले २०८२ चैत २६ गते राजपत्रमा सूचना प्रकाशित गरी नागढुङ्गा-नौबिसे सुरुङमार्गमा सवारीसाधन गुडाउने शुल्क निर्धारण गरेको छ। सरकारले सवारीसाधनको क्षमताअनुसार सुरुङमार्गको प्रयोग गर्ने सवारीसाधनको लागि छुट्टाछुट्टै दस्तुर निर्धारण गरेको छ। कार, भ्यान, पिकअप, ट्याक्टर, माइक्रोबस र अन्य हलुका सवारीसाधनको लागि काठमाडौँ प्रवेश गर्दा रु ६५ र सोही वर्गका सवारीसाधन काठमाडौँबाट प्रस्थान गर्दा भने रु ६० तोकिएको छ। त्यस्तै मिनीबस, मिनी ट्रिपर/ट्रकको लागि काठमाडौँ प्रवेश गर्दा रु एक सय २५ र काठमाडौँबाट प्रस्थान गर्दा भने रु ८० दस्तुर तोकिएको छ। त्यसैगरी बस, ट्रक (सिङ्गल रियर एक्सल) सवारीको लागि काठमाडौँ प्रवेश गर्दा रु दुई सय ६० र काठमाडौँबाट प्रस्थान गर्दा रु दुई सय दस्तुर तोकिएको छ। त्यसैगरी मल्टिएक्सल ट्रक/सवारीसाधन, भारी उपकरणको लागि काठमाडौँ प्रवेश गर्दा रु छ सय र काठमाडौँबाट प्रस्थान गर्दा रु दुई सय ५० दस्तुर तोकिएको छ। पूर्वाधार विकास मन्त्रालयले आगामी आर्थिक वर्ष २०८३/८४ मा एक दर्जन सुरुङमार्गको सम्भाव्यता अध्ययन र निर्माणका लागि रु ६७ करोड एक लाख बजेट विनियोजन गरेको छ।

**यस्तो छ नेपालमा सुरुङमार्गको इतिहास**

नेपालको सुरुङमार्गको इतिहासलाई नियाल्ने हो भने मुस्ताङ जिल्लामा मात्रै करिब दुई हजार वर्षभन्दा पुरानो भूमिगत संरचना भेटिएको इतिहास छ। अहिले पनि मुस्ताङको त्यो पुरानो भूमिगत खालका संरचना देख्न सकिन्छ। ती संरचना विशेषगरी बसोबास र चिहान प्रयोजनका लागि निर्माण गरिएको जनविश्वास छ। करिब ४०० वर्षअघि पनि पाल्पाको अर्गेलीमा सिँचाइ प्रयोजनको लागि पुरानो संरचनाको सुरुङ खनिएको थियो। त्यो अझै पनि सिँचाइको लागि प्रयोग हुँदै आइरहेको बताइन्छ।

नेपालमा चार सय वर्ष अघिदेखि नै भूमिगत संरचना र सुरुङ निर्माण भएको देखिन्छ तर ती सुरुङमार्ग र भूमिगत संरचनाहरू व्यवस्थित र व्यावसायिक प्रकृतिका भने थिएनन्। तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशमशेरले नेपालको पहिलो जलविद्युत केन्द्र मात्रै नभएर १९७५ सालमा मकवानपुरको चुरियामाईमा करिब५००/६०० सय मिटर लम्बाइको सुरुङमार्ग निर्माण गरेर साना चारपाङ्ग्रे सवारीसाधन समेत गुडाइएको बताइन्छ।

स्विटजरल्यान्डका भूगर्भविद् टोनी हेगनले 'दी हिमालयन किङ्डम अफ नेपाल' पुस्तकमा मकवानपुरको चुरियामाईमा रहेको सुरुङलाई एसियाकै पहिलो मानव निर्मित सुरुङ हुनसक्ने दाबी गरेका छन्। चुरियामाईको सुरुङ नेपाली डिजाइन, लगानी र जनशक्तिबाटै निर्माण गरिएको थियो।

**५३५ किलोमिटर सुरुङ तयार**

नेपालमा पछिल्लो समय सडक सुरुङमार्गको मात्रै नभएर अन्य स्थानमा पनि भूमिगत संरचनाको आवश्यकता र औचित्य झन्-झन् खड्किँदै आइरहेको छ। जलविद्युत् आयोजनामा सुरुङमार्गको उपयोग अत्यधिक मात्रामा हुने गर्दछ। जटिल भूबनोट, भिरपाखा तथा पहिरो झरिरहने ठाउँमा सुरुङमार्गको आवश्यकता र महत्व झनै बढी रहेको छ।

नेपाल टनेलिङ एसोसिएसनका पूर्वअध्यक्ष डा ज्ञानेन्द्रलाल श्रेष्ठले सन् २०२६ को जनवरीसम्म नेपालमा सबै खालका गरेर ५३७ किलोमिटर सुरुङ निर्माण भएको बताउनुभयो। उहाँका अनुसार नेपालका जलविद्युत् परियोजनामा ४५४ किलोमिटर सुरुङमार्ग बनेको छ। निर्माणाधीन जलविद्युत् परियोजनामा २५० किलोमिटर बन्ने क्रममा रहेको छ। खानेपानी परियोजनाअन्तर्गत मेलम्ची खानेपानी आयोजनामा सबैभन्दा लामो अर्थात २६ किलोमिटर सुरुङ निर्माण भएर सञ्चालनमा आइसकेको छ। सिन्धुपाल्चोक जिल्लाको अम्बाथानदेखि काठमाडौँको सुन्दरीजलसम्म करिब २६ किलोमिटर सुरुङ खनेर मेलम्चीको पानी राजधानीमा वितरण हुँदै आइरहेको छ खानेपानी परियोजनामा पनि विभिन्न परियोजनाको लागि ३० किलोमिटर सुरुङ तयार भइसकेको छ। ढल निकासको लागि पनि शून्य दशमलव ५२ किलोमिटर तयार भइसकेको छ।

त्यस्तैगरी, सडकतर्फ पनि अहिलेसम्म २३ किलोमिटर सुरुङमार्ग तयार भइसकेको छ। खानीतर्फ भने शून्य दशमलव ०२ किलोमिटर सुरुङ खनिएको छ। सङ्ग्रहालयतर्फ भने ३०० मिटर सुरुङ तयार भइसकेको छ। एसोसिएसनका अनुसार २५० किलोटिर सुरुङ निर्माणाधीन अवस्थामा रहेका छन्। निजी क्षेत्र र सरकार दुवैले गरेर आगामी वर्षहरूमा थप छ सय ४० किलोमिटर सुरुङ खन्ने योजना बनाएको छ।

सिँचाइको प्रयोजनको लागि पनि सुरुङमार्ग निर्माण भइसकेको छ। भेरी बबई बहुउद्देश्यीय सिँचाइ आयोजनाको सुरुङमार्ग निर्माण गर्दा अत्याधुनिक खालको टनेल बोरिङ मेसिन(टिबिएम) प्रयोग गरिएको थियो। 'टिबिएम' मेसिन प्रयोग गर्न नमिल्ने अन्य परियोजनामा 'ड्रिल एण्ड ब्लास्ट' प्रविधिबाट सुरुङ खन्ने गरिन्थ्यो। पछिल्लो समय राष्ट्रिय गौरवको आयोजनामा सूचीकृत सुनकोशी मरिण बहुउद्देश्यीय आयोजनामा पनि टिबिएमको प्रयोग गरेर खनिसकेको छ।

**सुरुङ निर्माणमा दक्षता बढ्दै**

नेपाल टनेलिङ एसोसिएसनका पूर्वअध्यक्ष डा श्रेष्ठले नेपालमा सुरुङमार्गका पूर्वाधार मात्रै नभएर सुरुङमार्ग निर्माण गर्ने क्षमता र दक्षतामा पनि अभिवृद्धि हुँदै आइरहेको बताउनुभयो। "नागढुङ्गा सुरुङमार्ग सञ्चालनमा आएसँगै नेपाल सुरुङमार्गको युगमा प्रवेश गर्नेछ", उहाँले भन्नुभयो,"अहिले सिद्धबाबा सुरुङमार्ग, काठमाडौँ-तराई/मधेसलगायतका सुरुङमार्ग पनि निर्माण भइरहेको छ।"

पूर्वअध्यक्ष श्रेष्ठले नेपालमा सुरुङमार्गको डिजाइन, निर्माण र परामर्शदाता सेवालगायतमा क्षेत्रमा विस्तारै आत्मनिर्भरको बाटोमा अघि बढिरहेको बताउनुभयो। सुरुङमार्ग सम्बन्धित प्रविधि र ज्ञानको दायरा विस्तार बढ्दै गइरहेको छ। नेपालमा छोटो समयमा नै सुरुङमार्ग डिजाइन तथा निर्माण गर्ने जनशक्ति र निर्माण कम्पनीहरू पनि तयार भइसकेका छन्।

## विश्व समाचार

### 'कक्रोच' आन्दोलनमा पक्राउ परेका प्रदर्शनकारीलाई रिहा गर्न माग

नयाँदिल्ली, ११ साउन (रासस/एएफपी)।

भारतको युवा नेतृत्वको 'कक्रोच' आन्दोलनले शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामासँगै देशभर भएका प्रदर्शनका क्रममा पक्राउ परेका सबै प्रदर्शनकारीलाई रिहा गर्न सोमबार माग गरेको छ। परीक्षामा प्रश्नपत्र चुहावट तथा अन्य अनियमितताविरुद्ध प्रदर्शन गर्दै आएको अनलाइन समूह 'कक्रोच जनता पार्टी' (सीजेपी)ले असाम, पश्चिम बङ्गाल, बिहारलगायत राज्यमा विद्यार्थीलाई हिरासतमा राखिएको जानकारी प्राप्त भएको जनाएको छ।

"पक्राउ परेकालाई रिहा नगर्नु वा उनीहरूमाथि लगाइएका आपराधिक मुद्दा फिर्ता नलिनु जनविश्वासको उल्लङ्घन हुनेछ," समूहले विज्ञप्तिमार्फत जनाएको छ। उसले आफ्ना माग पूरा नभए थप आवश्यक कदम चाल्ने चेतावनी दिएको छ। प्रतिस्पर्धात्मक परीक्षामा प्रश्नपत्र चुहावट र अन्य अनियमितता दोहोरिएको भन्दै विद्यार्थी तथा युवामा असन्तुष्टि बढिरहेका बेला शिक्षा मन्त्री प्रधानले राजीनामा दिनुभएको दुई दिनपछि आन्दोलनकारी समूहको उक्त माग आएको हो।

प्रदर्शनकारीमाथि दण्डात्मक कारबाही नगर्ने आश्वासन अधिकारीले दिए पनि सरकारले आफ्नो प्रतिबद्धता पूरा नगरेको सीजेपीको आरोप छ। तीस वर्षीय जनसम्पर्क विषयका स्नातक अभिजित दिपकेले मे महिनामा सुरु गरेको उक्त आन्दोलनले सामाजिक सञ्जालमा ठूलो समर्थन पाएको जनाइएको छ। प्रधानको राजीनामा र परीक्षा प्रणालीमा व्यापक सुधारको माग गर्दै गत साता नयाँदिल्लीसहित विभिन्न सहरमा मुख्यतः विद्यार्थीको सहभागितामा प्रदर्शन भएका थिए।

जुलाई २० मा नयाँदिल्लीमा भएको प्रदर्शनले उग्र रूप लिएको थियो। प्रदर्शनकारीले जन्तरमन्तरबाट संसद् भवनतर्फ अघि बढ्ने प्रयास गरेपछि प्रहरीले अश्रुग्यास प्रहार तथा लाठीचार्ज गरी भीडलाई तितरबितर गरेको थियो। त्यसक्रममा झडप हुनुका साथै धेरै प्रदर्शनकारीलाई हिरासतमा लिइएको थियो।

सोमबार संसद्मा पनि उक्त विषयले प्रवेश पाएको थियो। विपक्षी सांसदले गत साता प्रदर्शनकारीमाथि भएको प्रहरी कारबाहीबारे सरकारसँग जवाफ माग्दै पटकपटक सदनको कामकारबाही अवरुद्ध गरेका थिए। अवरोधबीच सरकारले तल्लो सदनमा परीक्षाको प्रश्नपत्र चुहावटमा सङ्लग्नलाई कडा सजायको व्यवस्था गर्ने विधेयक प्रस्तुत गरेको छ।

### फ्रान्स-स्पेनमा डढेलोको कहर, तीन लाखभन्दा बढी विस्थापित

बोर्डेक्स, ११ साउन (राससएएफपी)।

फ्रान्स र स्पेनमा फैलिएको भीषण डढेलो नियन्त्रणबाहिर जाँदै गर्दा तीन लाख २५ हजारभन्दा बढी मानिस घर छाड्न बाध्य भएका छन्। मौसमविद्ले नयाँ उष्ण लहर आउने चेतावनी दिएसँगै आगो अझ फैलिने जोखिम बढेको छ भने दुवै देशले ठूलो सङ्ख्यामा अग्निनियन्त्रक, सैनिक र सुरक्षाकर्मी परिचालन गरेका छन्।

दक्षिणपश्चिम फ्रान्सको गिरन्डे क्षेत्र र स्पेनको म्याड्रिड आसपासका क्षेत्रमा लागेको आगो दुवै देशको इतिहासकै सबैभन्दा विनाशकारी डढेलोमध्ये एक बनेको अधिकारीहरूले बताएका छन्। फ्रान्समा डढेलोका कारण 'पाइरोकुमुलोनिम्बस' भनिने विशाल आगोको बादल बनेको छ। यस्तो बादलले आफ्नै हावाको प्रणाली सिर्जना गरी नयाँ स्थानमा चट्याङमार्फत थप आगो फैलाउने जोखिम बढाएको फ्रान्सको राष्ट्रिय अग्निनियन्त्रक महासङ्घले जनाएको छ।

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले आपत्कालीन अवस्थाबारे छलफल गर्न सोमबार सङ्कट व्यवस्थापन बैठक बोलाउनुभएको छ। स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले पनि आगो प्रभावित भ्यालेन्सिया क्षेत्रको स्थलगत निरीक्षण गर्ने कार्यक्रम रहेको छ। उहाँले यसअघि कठिन अवस्था अझै बाँकी रहेको चेतावनी दिनुभएको थियो।

स्पेनका अधिकारीहरूका अनुसार अविला क्षेत्रमा मात्रै करिब ७७ हजार हेक्टर क्षेत्रफलमा फैलिएको आगो नियन्त्रणका लागि २८० किलोमिटर परिधिमा अभियान सञ्चालन भइरहेको छ। भ्यालेन्सिया क्षेत्रमा थप डढेलो फैलिँदा १५ हजारभन्दा बढी स्थानीय बासिन्दा विस्थापित भएका छन्। म्याड्रिड, अविला, टोलेडो र कास्टेलन क्षेत्रबाट करिब ७५ हजार मानिस सुरक्षित स्थानमा सारिएका छन्।

फ्रान्सको गिरन्डे क्षेत्रमा करिब दुई लाख २० हजार मानिसलाई सुरक्षित स्थानमा सारिएको छ। ४५ वटा शिविर बन्द गरिएका छन् भने करिब ४० हजार पर्यटकको बिदा प्रभावित भएको छ। स्थानीय प्रशासनले स्काउट शिविर र अपाङ्गता भएका व्यक्तिका लागि सञ्चालित बिदा शिविरसमेत बन्द गर्न आदेश दिएको छ।

स्आगोले बुधबारयता गिरन्डे क्षेत्रमा ४२ हजार हेक्टर वन क्षेत्र र कम्तीमा २४० घर ध्वस्त पारेको छ। बोर्डेक्सको दक्षिणतर्फको मुख्य राजमार्ग र रेल सेवा अवरुद्ध भएका छन्। रक्षा मन्त्रालयले बोर्डेक्स आसपासका एयरोस्पेस उद्योगको सुरक्षाका लागि विशेष व्यवस्था मिलाइएको जनाएको छ। आगो नियन्त्रणको क्रममा गिरन्डे क्षेत्रमा ८४ जना अग्निनियन्त्रक घाइते भएका छन्। तीमध्ये १० जनालाई उपचारका लागि अन्यत्र सारिएको छ। फ्रान्सका अग्निनियन्त्रक सङ्घले विषाक्त धुवाँबाट जोगिने पर्याप्त सुरक्षात्मक सामग्रीको अभाव रहेको जनाएको छ।

हाल गिरन्डे क्षेत्रमा करिब दुई हजार ५०० अग्निनियन्त्रक, एक हजार ५०० सैनिक र एक हजार २०० प्रहरी परिचालन गरिएका छन्। बोर्डेक्सका मेयर थोमस क्याजेनाभले सहर खाली गर्ने कुनै योजना नरहेको तर अवस्था निरन्तर निगरानीमा रहेको बताउनुभएको छ। वैज्ञानिकहरूले जलवायु परिवर्तनका कारण यस्ता चरम डढेलो झन् तीव्र र बारम्बार हुन थालेको बताएका छन्। मौसमविद्का अनुसार फ्रान्सका केही क्षेत्रमा आगामी दिनमा तापक्रम ४० डिग्री सेल्सियससम्म पुग्न सक्ने अनुमान छ।

स्पेनका राजा फेलिप छैठौँले डढेलोले देशको प्राकृतिक सम्पदामा अकल्पनीय क्षति पुऱ्याएको बताउँदै प्रभावित नागरिकप्रति ऐक्यबद्धता जनाउनुभएको छ। पोप लियो चतुर्थले पनि फ्रान्स र स्पेनका प्रभावित समुदाय तथा उद्धारकर्मीका लागि प्रार्थना गर्न विश्व समुदायलाई आह्वान गर्नुभएको छ।

# ‘मधेश प्रदेश आम सञ्चार विधेयक, २०८२’ तत्कालका लागि अघि नबढ्ने

## केही पक्षबाट गलत ढंगले ‘ब्रीफिङ’ गरे : मन्त्री महतो



**दैनिक समाचारदाता**
**जनकपुर, ११ साउन ।**

सञ्चार क्षेत्रसँग पर्याप्त छलफल नगरी मधेश प्रदेश सरकारले ल्याउन लागेको ‘मधेश प्रदेश आम सञ्चार विधेयक, २०८२’ तत्कालका लागि अघि नबढाउने भएको छ ।

नेपाल पत्रकार महासंघसहित सञ्चारसम्बद्ध संघ-संस्थाले विरोध जनाएपछि सरकार आफ्नो निर्णयबाट पछि हटेको हो ।

नेपाल पत्रकार महासंघ, मधेश प्रदेश समितिले मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोलाई ज्ञापनपत्र बुझाउँदै पर्याप्त परामर्श र सरोकारवालासँग छलफल नगरी विधेयक अघि नबढाउन आग्रह गरेको थियो ।

ज्ञापनपत्र बुझ्दै मन्त्री महतोले सरकारलाई केही पक्षबाट गलत ढंगले ‘ब्रीफिङ’ गरिएको उल्लेख गर्दै प्रस्तावित विधेयक तत्काल अघि नबढाउने र हालको प्रक्रिया रोकिएको जानकारी दिए । उनले सञ्चार क्षेत्रका सरोकारवालासँग आवश्यक छलफल र सुझाव लिएर मात्र आगामी प्रक्रिया अघि बढाइने संकेत पनि दिए ।

पत्रकार महासंघले सञ्चारजस्तो संवेदनशील क्षेत्रसँग सम्बन्धित कानुन बनाउँदा पत्रकार महासंघ, सञ्चार विज्ञ तथा सरोकारवालासँग व्यापक छलफल आवश्यक रहेको भन्दै सरकारले एकपक्षीय ढंगले विधेयक अघि बढाउन खोजेकोमा आपत्ति जनाएको थियो ।

ज्ञापनपत्र बुझाउने टोलीमा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजु विश्वकर्मा, मधेश प्रदेश समितिका सल्लाहकार अबधेश कुमार झा, सचिव हदिस खुद्दार तथा पत्रकार अजित तिवारी, आतिश मिश्र, अजय साह, बटुकनाथ झा, शिव अधिकारी, घनश्याम मिश्र, मनोजकुमार मोरबैता लगायत सञ्चारकर्मीको सहभागिता रहेको थियो ।

गत साउन ७ गते नेपाल प्रेसले ‘स्वायत्त सञ्चार संस्था गाभ्ने मधेश सरकारको तयारी, परामर्शबिनै अघि बढ्यो विधेयक’ शीर्षकमा समाचार प्रकाशित गरेपछि सञ्चारकर्मी तथा विभिन्न सञ्चारसम्बद्ध संघ-संस्थाले उक्त प्रस्तावित विधेयकको विरोध गरेका थिए ।

# भोगाधिकारमा प्राप्त गरिएको जग्गालाई लिजमा परिणत गर्न सूचना जारी

**दैनिक समाचारदाता**
**राजविराज, ११ साउन ।**

भूमि प्रशासन कार्यालय राजविराज सप्तरीले साविकमा भोगाधिकारमा प्राप्त गरिएको जग्गालाई लिजमा परिणत गर्न सम्बन्धित व्यक्ति, संस्था तथा निकायलाई निवेदन दिन आग्रह गर्दै सार्वजनिक सूचना जारी गरेको छ ।

जारि सूचनामा “मालपोत नियमावली, २०३६ (नवौं संशोधन, २०८३) को नियम २३झ (१९) को उपनियम (१) बमोजिम साविकमा भोगाधिकारमा जग्गा प्राप्त गरेका व्यक्ति, संस्था वा निकायले नियम लागू भएको मिति २०८३ जेठ २८ गतेदेखि ६ महिनाभित्र हालसम्म भोगाधिकारबापत तिर्न बाँकी रहेको रकम भए दाखिला गरी उक्त जग्गा लिजमा परिणत गर्न कार्यालयमा निवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ ।” जनाइएको छ ।

कार्यालयले उपनियम (२) अनुसार प्राप्त निवेदनमाथि आवश्यक प्रक्रिया पूरा गरी जग्गा लिजमा परिणत गर्ने कारबाही अघि बढाइने जनाएको छ ।

भूमि व्यवस्थापन तथा अभिलेख विभागको २०८३ साउन ७ गते को पत्रअनुसार भोगाधिकारमा जग्गा प्राप्त गरेका व्यक्ति, संस्था वा निकायलाई जानकारी गराई आवश्यक प्रक्रिया अघि बढाउन निर्देशन प्राप्त भएकाले कार्यालयले आफ्नो कार्यक्षेत्रभित्रका सम्बन्धित सबैलाई बाँकी रकम दाखिला गरी समयमै निवेदन दिन अनुरोध गरेको हो ।

भूमि प्रशासन अधिकृत किशोरकुमार रामले तोकिएको अवधिभित्र आवेदन पेश नगरे प्रचलित कानूनबमोजिम कारबाही हुने भएकाले सम्बन्धित सबैलाई समयमै प्रक्रिया पूरा गर्न आग्रह गरेका छन् ।

## धार्मिक ...

राख्न सबैको साझा दायित्व भएकोले जिल्लाभित्र विभिन्न जातजाति, भाषाभाषी, धर्म र सम्प्रदायका नागरिकहरूबीच आपसी एकता, सद्भाव, सहिष्णुता र भ्रातृत्व कायम राख्न सम्पूर्ण नागरिक, धार्मिक गुरुहरू, नागरिक समाज, बुद्धिजीवी, सञ्चारकर्मी लगायत सबै सरोकारवालाहरु समक्ष हार्दिक अपील गरिएको छ ।

सूचनामा “समाजमा उत्तेजना फैलाउने, धार्मिक भावनामा आघात पुर्याउने वा कानुनी व्यवस्था हातमा लिन खोज्ने जो-कोहीलाई मुलुकी अपराध संहिता, २०७४ र विद्युतीय कारोबार ऐन, २०६३ बमोजिम कारवाही भईजाने व्यहोरा समेत सूचित गरिन्छ ।” उल्लेख छ ।

## स्व. सिंहको ...

योगदान बारे चर्चा गरे ।

२४ वर्षकै उमेरमा चिकित्सा शास्त्र (एमबिबिएस) अध्ययन पुरा गर्ने सिंह जिल्लाकै पहिलो व्यक्ति थिए । सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका पुर्खौली घर भई राजविराज नगरपालिका ३ मा बसोवास गर्दै आएका सिंहको ८५ वर्षको उमेरमा २०६७ साल साउन ११ गते निधन भएको थियो ।

सिंह बि.स. २०१५ सालको प्रथम आमनिर्वाचनमा सप्तरीको तत्कालिन क्षेत्र नं. ३८ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए । उनी २०१७ सालमा डा. तुलसी गिरी नेतृत्वको सरकारमा स्वास्थ्य मन्त्री भएका थिए । त्यसपछी २०२१ सालसम्म उनले मन्त्रीका रुपमा विभिन्न मन्त्रालयको जिम्मेवारी सम्हालेका थिए ।

उनी नेपाल रेडक्रस सोसाइटी, लायन्स क्लब, विश्व शान्ति समिति, जेसीज लगायत सामाजिक संघ संस्थाका संस्थापक सदस्य समेत थिए ।

सभाका सहभागि वक्ताहरुले सप्तरीबाटै समाजसेवा र राजनीतिमा सक्रिय भएका स्व. सिंहको सामाजिक पक्ष पनि उत्तिकै सबल रहेको चर्चा गर्दै उनले देखाएको बाटोमा हिड्न सके मात्र उनीप्रति सच्चा श्रद्धाञ्जली हुनेमा जोड दिएका थिए ।

सभामा राजविराज नगरपालिकाका पूर्व मेयर समेत रहेका स्व. सिंहका जेठा छोरा गोबिन्द सिंह र परिवारका अन्य सदस्यले गम्छा ओढाएर अतिथिहरुको स्वागत गरेका थिए । कार्यक्रम संचालन पंकज देव तथा अतिथिहरुको स्वागत अरुण तिवारीले गरेका थिए । कार्यक्रममा कवि सतेन्द्रनाथ चौधरीले स्व. सिंहको जिवनी समेटिएको कविता वाचन गरेका थिए ।

## सर्पदंशबाट ...

लापरवाहीका कारण कविताको मृत्यु भएको भन्दै आफन्तजनले प्रदर्शनमा उत्रिनु परेको बताएका छन् । पीडित परिवार र आफन्तले घटनाको छानवीन गरी दोषी चिकित्सक माथि कारबाही र पीडित परिवारलाई क्षतिपुर्ती दिन माग गरेका छन् ।

अस्पतालले रेफर गरिदिए पछि तत्कालै एम्बुलेन्सको व्यवस्था गरी परिवारजनले कवितालाई विराटनगरस्थित गोल्डेन अस्पताल पुर्याएका थिए । तर, केही बेरको जाँच र उपचार पछि डाक्टरले मृत घोषणा गरेको मृतकका भाई मनोजले सुनाए ।

अस्पतालका मेसु डाक्टर विरेन्द्र मंडलले उक्त प्रकरणबारे सत्यतथ्य छानवीन गर्न जिल्ला बाहिरका एउटा विशेषज्ञ टोली गठन गर्न आफुले पनि स्थानिय प्रशासनलाई अनुरोध सहित पत्राचार गरेको बताए ।

उनले अस्पतालमा आइसियु सेवा सञ्चालन हुन नसक्दा गम्भिर प्रकृतीका विरामीलाई रेफर गर्नुपर्ने बाध्यता रहेको भन्दै यस सम्बन्धमा माथिल्लो निकायमा समेत जानकारी गराई आवश्यक पहल गरिरहेको बताए ।

यता अस्पताल परिसरमा मृतकका आफन्तले चिकित्सक विरुद्ध प्रदर्शनमा उत्रिएपछि सुरक्षाका लागि ठूलो संख्यामा प्रहरी परिचालन गरिएको थियो भने पीडित, आफन्त र अस्पताल प्रशासनबीच सहमतिको प्रयास गरिरहेको स्थानिय प्रशासनले जनाएको छ ।

## सुनसरी ...

मेडिकल कलेजमा उपचार भइरहेको जानकारी आयोगले प्राप्त गरेको जनाएको छ ।

घटनाको विरोधमा विभिन्न स्थानमा टायर बालेर प्रदर्शन हुनुका साथै आन्दोलनकारी लाठी र रडसहित सडकमा उत्रिएपछि सुरक्षा अवस्था चुनौतीपूर्ण बनेको आयोगको भनाइ छ ।

आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलद्वारा जारी विज्ञप्तिमा शान्ति-सुरक्षाको अवस्था मजबुत बनाउन, घटनाको निष्पक्ष अनुसन्धान गरी दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउन तथा मृतकका परिवारलाई उचित राहत र क्षतिपूर्ति उपलब्ध गराउन सरकारलाई आग्रह गरिएको छ ।

साथै, घाइतेहरूको निःशुल्क र प्रभावकारी उपचारको व्यवस्था मिलाउन पनि आयोगले अनुरोध गरेको छ ।

आयोगले राजनीतिक दल, नागरिक समाज, मानव अधिकारकर्मी र सर्वसाधारणलाई संयमित रहन आग्रह गर्दै सामाजिक सद्भाव कायम राख्न अपिल गरेको छ ।

यस्तै गृह मन्त्रालयले सुनसरीमा घटनालाई लिएर त्यहाँका प्रमुख जिल्ला अधिकारी (सीडीओ) बासुदेव घिमिरेसहित सुरक्षा निकायका प्रमुखहरुलाई फिर्ता बोलाएको छ । घिमिरेलाई गृह मन्त्रालयमा फिर्ता बोलाएर उनको ठाउँमा संखुवासभाका सीडीओ ईश्वरीप्रसाद अर्याललाई खटाइएको छ ।

यस्तै, कोशी प्रदेश प्रहरी कार्यालयका प्रमुख, प्रहरी नायब महानिरीक्षक (डीआईजी) विनोद घिमिरेलाई प्रहरी प्रधान कार्यालय, काठमाडौं तानिएको छ भने प्रहरी प्रधान कार्यालयमा कार्यरत डीआईजी शेखर खनाललाई कोशी प्रदेश प्रहरी कार्यालय पठाउने निर्णय गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रमुख, प्रहरी उपरीक्षक( एसपी) केशव थेवेलाई भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल खटाइएको छ । थेवेको स्थानमा उक्त विमानस्थलमा कार्यरत एसपी पुष्पराज मल्ललाई खटाउने निर्णय गरिएको छ ।

यस्तै, सशस्त्र प्रहरी बल नेपाल कप्तानगञ्जमा कार्यरत प्रहरी नायब उपरीक्षक (डीएसपी) नन्दकिशोर महतोलाई पनि फिर्ता बोलाइएको छ । उनको ठाउँमा सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय, काठमाडौंमा कार्यरत डीएसपी मदन नाथलाई पठाइएको छ ।

यस्तै, सशस्त्र प्रहरी बेल नेपालका एसपी श्यामकुमार कार्कीलाई फिर्ता बोलाएर प्रधान कार्यालयमा कार्यरत एसपी लवकुमार सापकोटालाई पठाउने निर्णय गरेको छ ।

सुनसरीको देवानगञ्ज गाउँपालिका-३ कप्तानगञ्जमा आइतबार राति दुई समूहबीच भएको झडपमा एक जनाको निधन भएको थियो। घटनामा परेर ९ जना सर्वसाधारण, १० जना नेपाल प्रहरी र ५ जना सशस्त्र प्रहरी गरी २४ जना घाइते भएका थिए ।

घटनाको विषयमा छानबिन गर्न गृह मन्त्रालयका सहसचिव भुपेन्द्र थापाको संयोजकत्वमा ५ सदस्यीय समिति गठन भइसकेको छ । समितिले एक साताभित्रमा प्रतिवेदन बुझाउने छ ।

घटनापछि थप समस्या उत्पन्न हुन नदिन जिल्ला प्रशासन कार्यालय सुनसरीले देवानगञ्ज र हरिनगर गाउँपालिकाका केही क्षेत्रमा सोमबार बिहान ७ बजेदेखि अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरेको छ ।


# सप्तरी उद्योग वाणिज्य संघ

(SAPTARI CHAMBER OF COMMERCE & INDUSTRY)
Rajbiraj, Saptari, Nepal
(नेपाल उद्योग वाणिज्य महासंघवाट स्वीकृत)
स्थापित : २०१३ साल

पत्र संख्या :०८३।०८४
चलानी नं. :

मिति: २०८३।०४।०७

बिषय : सदस्यता नविकरण सम्वन्धी सूचना ।

सप्तरी उद्योग वाणिज्य संघको १२ औं वार्षिक साधारण सभा तथा अधिवेशन मिति २०८३ साल असोज ०३ गते शनिवारका दिन जिल्लाको बोदेवर्साईन नगरपालिका अन्तर्गत बोदेवर्साईन बजारमा हुन गई रहेको व्यहोरा सबैमा सहर्ष जानकारी गराउदछौ ।

आर्थिक वर्ष २०८३।०८४ सम्मको सदस्यता नविकरण भएका सदस्य माहनुभावहरु मात्र साधारण सभामा तथा अधिवेशनमा सहभागिताका लागि योग्य मानिने हुँदा सम्पुर्ण सदस्यहरुमा यो सूचना प्रकाशित भएको मिति बाट ३५ (पैतिस) दिन वा मिति २०८३।०५।१५ भित्र आ-आफनो सदस्यता नविकरण गराउनु हुन यो सुचना प्रकाशित गरीएको छ ।

भवदिय

(अमृत कुमार संचेति)
महासचिव
महा-सचिव
सप्तरी उद्योग वाणिज्य संघ


**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np